म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष:१४ अङ्क:- २३३ २०८० साउन ३ गते बुधबार 19 July 2023, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## होटल सञ्चालक पक्राउ

हेटौंडाः हेटौंडाको बसपार्कबाट यौनधन्दा सञ्चालन गरेको आरोपमा होटल सञ्चालकलाई प्रहरीले पक्राउ गरेको छ। होटल सञ्चालकसँगै प्रहरीले ७ जना महिलालाई पनि पक्राउ गरेको छ। स्थानीयको गुनासोका आधारमा प्रहरीले आइतबार राती हेटौँडा-१०, बसपार्क क्षेत्रमा रहेको एसियन गेस्ट हाउसमा छापा मारेको थियो। प्रहरीले होटल सञ्चालक हेटौंडा-२ का बिक्रम श्रेष्ठसहित मकवानपुरका ३ जना, सुनसरीका २ जना, इलाम र चितवनका एक एकजना गरी जम्मा ७ जना महिला पक्राउ गरेको मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### बालश्रम दुरुपयोग गर्ने पूर्वप्रहरीसहित ११ जनालाई कारबाही

# १५ बालश्रमिकको उद्दार



बालश्रमको अनुगमन गर्दै। फाइल तस्वीर।

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा बालश्रम दुरुपयोग गर्ने पूर्वप्रहरीसहित ११ जनालाई श्रम तथा रोजगार कार्यालय हेटौंडाले कारबाही गरिएको छ। बालश्रम दुरुपयोग गर्ने पूर्वप्रहरी निर्मल थापासहित ११ जनालाई कारबाही गरिएको श्रम तथा रोजगार कार्यालय हेटौंडाका प्रमुख छन्द नारायण श्रेष्ठले जनाकारी दिनुभयो।

पूर्वप्रहरी थापाले बालश्रम दुरुपयोग गरेको कसुरमा नगद ५ हजार जरिवाना र बालिकालाई ६ महिनाको पारिश्रमिक बापत ९० हजार रुपैयाँ तिराएको उहाँले बताउनुभयो। कार्यालयले बालश्रममा लगाउने अर्जुन नगरकोटीको ट्याक्टरबाट ७ जना बालकलाई उद्दार गरी जरिवाना वापत ७ हजार रकम तिराएको छ। यस्तै, शितलमहलचोकको वर्कसपबाट एक बाल श्रमिकलाई उद्दार गरी ३ हजार जरिवाना तिराएको छ। समीर अटो वर्कसपबाट एक जना, रुस्तम ब्याट्री वर्कसपबाट एक जना, होटल सैलुङबाट एक जना, कुटानीपिसानी मिलबाट एक जना, होटल डाँफेबाट एक जना, मोहमद स्किम चिया पसलबाट २ जना गरी १५ बालकश्रमिकको उद्दार गरिएको श्रेष्ठले जानकारी दिनुभयो। होटल गण्डकीबाट एक जना बालिका, होटल धादिङबाट १ बालिका, र पूर्वप्रहरी निर्मल थापाको घरबाट एक गरी ३ जना बालिका श्रमिकको उद्दार गरिएको छ।

श्रेष्ठका अनुसार बालश्रममा लगाउने ११ जनालाई बालबालिकाको अवस्था हेरी जरिवाना गरी कार्यालयले ४४ हजार रुपैयाँको राजस्व संकलन गरेको बताउनुभयो। हेटौँडा उपमहानगरपालिका, सिविन नेपाल र श्रम तथा रोजगार कार्यालयको समन्वयमा बालबालिका उद्दार कार्य भइरहेको उहाँले जानकारी दिनुभयो। हेटौंडा उपमहानगरपलिकालाई बालमैत्री पालिका घोषणाको तयारी भइरहेका बेला बालश्रम भए, नभएको अनुगमन र कारवाहीले पनि तीव्रता पाएको छ। उपमहानगरले हरेक वडामा बालमैत्री सहजकर्ता खटाएर बाल क्लब निर्माण गर्दै आएको छ।

## दुर्घटनामा दुईजनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः सोमबार हेटौँडा र छिमेकी जिल्ला बाराको जितपुर सिमरा उपमहानगरपालिका-२३ चुरियामाईमा दुर्घटनामा परी दुइजनाको मृत्यु भएको छ। हेटौंडामा ट्रकको ठक्करबाट एक पैदल यात्रीको मृत्यु भएको प्रहरीले जनाएको छ। मृत्यु हुनेमा हेटौँडा-१०, बस्ने ६३ वर्षीय लाल बहादुर घिसिङ् रहेको जिल्ला प्रहरी कार्यालय मकवनपुरले जानकारी दिएको छ।

यस्तै सोमबार दिउँसो ४ बजेको समयमा बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिका-२३ चुरियामाई नजिकै मोटरसाइकल दुर्घटनामा हेटौँडा-१५ का ३५ वर्षीय शंकर तामाङको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

Join IT Career in HCC

Admission Open

+2

Science

Management

→ Computer Science

→ Hotel Management

→ Business Studies

Law (English)



Bachelor Program

BSc. CSIT

BCA

BBS

(T.U. Affiliated)

यस हेटौंडा सिटी कलेजमा B.Sc.CSIT कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र श्री दिनेश खरेलले त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा 89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त) ल्याई नेपाल प्रथम हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

साथै, BSc. CSIT र BCA को 11 औं समूहको (2080 Batch) लागि प्रवेश परीक्षा तयारी कक्षा (Entrance Preparation Class) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ।

हेटौंडा सिटी कलेज/जेनिथ

सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435



Imagine turning your passion into a fruitful and rewarding career.

Study +2

BEAUTICIAN & HAIRDRESSING

(Under Faculty of Management)

CLASS STARTS FROM 15th SHRAWAN

HETAUDA SCHOOL OF MANAGEMENT

"कडा अनुशासन, स्तरीय शिक्षा"

For inquiry: 9855074222

ENROLL NOW

Hetauda-4, Makawanpur  info@hsm.edu.np  www.hsm.edu.np

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

"Education for Change"

Narayani College /TMMSS

Scholarship Up to 100%

Terms & conditions Apply

ADMISSION OPEN 2080

"Education for Change"

+2 NEB

Science

Management

✓Hotel Management

✓Computer Science

✓Business Studies

Enroll Now



FOLLOW US:

Quick Contact :

Tel: 057-522136 , 9855071876

9849010803, 9843650653

Hetauda-10, Bhutandevi Road

Shift: Morning/Day

नोटः यसै शैक्षिक सत्रदेखि फुर्केचौर, हटिया, कमाने र पदमपोखरी क्षेत्रमा यातायातको सुविधा सञ्चालन गरिएको सहर्ष जानकारी गराइन्छ।

### हेटौँडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय

हेटौँडा, मकवानपुर

बागमती प्रदेश

## राजश्व संकलन कार्य बन्द हुने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस कार्यालय अन्र्तगत राजश्व प्रशासन शाखाबाट सम्पादन हुँदै आएको राजश्व सम्बन्धी सेवाहरु आर्थिक वर्षको प्रारम्भमा कम्प्युटरकृत तथ्याङ्क अद्यावधिक र आन्तरिक तयारी गर्नु पर्ने भएकोले मिति २०८० श्रावण १ गतेदेखि ५ गते सम्म राजश्व प्रशासन शाखाबाट प्रदान गरिने सबै सेवाहरु तथा वडा कार्यालयबाट गरिने राजश्व सम्बन्धी सेवाहरु बन्द रहने ब्यहोरा सम्बन्धित सबै सेवाग्रहीहरुमा निर्देशनअनुसार जानकारी गराईन्छ। यसबाट सेवाग्राहीमा परेको असुविधाप्रति उपमहानगरपालिका क्षमायाचना गर्दछ।

शाखा प्रमुख

राजश्व प्रशासन शाखा

SOLIDARITY INTERNATIONAL ACADEMY

ADMISSION OPEN

Inviting All Applicants for 2080

ADMISSION

at our Institute

Our Features:

- Experienced, qualified & dedicated staff.
- Well-equipped labs
- Student lounge & e-library
- Skill focused
- Ample space for extra curricular activities
- Meaningful educational tours, seminars & workshops
- Gymnasium for physical fitness

Attractive Features:

- Opportunities for job placement.
- International diploma/ Certification (UK)

COURSES

Hotel Management -2 Years (11&12) (10+) Dual Certificate

Hotel Supervision -2 Years (12+)

Hotel Operations -1 Year (10+)

Culinary Arts (Cookery) -1 Year (10+)

Food & Beverage Service -1 Year (10+)

House Keeping -6 months

Mixology -2 Months

"Providing Education for Employment"



057-521172

+977 9827486710/97655691178/9801068641/9848829277

Hetauda-10, Makawanpur, Bagmati Province

hotelmgmt@solidarityinternationalacademy.edu.np

www.solidarityinternationalacademy.edu.np

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक


## सम्पादकीय

# समयमै काम सम्पन्न गरौं

मुलुकको आर्थिक विकासको अवस्था नाजुक बन्दै गएको छ । सरकारले पुँजीगत बजेट न्यून विनियोजन गर्ने र विनियोजन गरेको बजेट पनि खर्च गर्न नसक्ने अवस्थाले आर्थिक गतिविधि निकै सुस्त बनिरहेको छ । तीनै तहको सरकारले समयमै बजेट पारित गरे पनि समयमा विकास निर्माणको काम सुरु गर्न/गराउन नसक्दा पुँजीगत खर्चको अवस्था कमजोर बनिरहेको छ । सरकारले अधिकांश विकास निर्माणका काम ठेक्कामार्फत् गराउने गरेको छ । विकास निर्माणका कामको ठेक्का लिएर कार्य सम्पन्न गर्ने जिम्मेवारी लिएका निर्माण व्यवसायी पनि कामप्रति जिम्मेवार बन्न सकेको पाइँदैन । अधिकांश निर्माण व्यवसायीले ताकेको समयभित्र निर्माण कार्य गर्दैनन् । ठेक्का हाल्ने समयमा सरकारले निर्धारण गरेको समयसीमाभित्र निर्माण कार्य सम्पन्न गर्छु भनेर सम्झौता गरेपनि सबैजसो विकास निर्माणका कामहरु सम्पन्न गराउन निर्माण व्यवसायीले पटक-पटक म्याद थप गराउँदै आएको पाइन्छ । यसरी तोकिएको समयमा निर्माण कार्य सम्पन्न नहुँदा सरकारको आर्थिक भार बढ्छ नै कतिपय काममा निर्माण व्यवसायीलाई समेत थप आर्थिक भार पर्ने गरेको छ ।

आफूले जिम्मा लिएका विकास निर्माणका कार्यहरुको भुक्तानी नपाएको भन्दै मकवानपुरका निर्माण व्यवसायी आन्दोलित भएका छन् । आर्थिक वर्षको अन्तिम दिन मकवानपुरका निर्माण व्यवसायीले कामको भुक्तानी माग गर्दै डिभिजन सडक कार्यालयमा धर्ना दिएका हुन् । देशैभर निर्माण व्यवसायीको भुक्तानी रोकिएको भन्दै व्यवसायीले धर्ना दिएको बताइएको छ । रोकिएको भुक्तानी यथाशिघ्र भुक्तानी गर्नुका साथै योजनाको म्याद थप्नुपर्ने मागसमेत निर्माण व्यवसायीको छ । निर्माण व्यवसायी संघ मकवानपुरको नेतृत्वमा निर्माण कार्यको भुक्तानी माग गर्दै निर्माण व्यवसायीले धर्ना दिएका छन् । चर्को बैंक व्याजदर तथा मूल्य वृद्धि भइरहेको समयमा गरेको कामको भुक्तानी रोकिएपछि व्यवसायीले धर्ना दिएको र आफ्नो माग पूरा नभए थप आन्दोलन गर्ने व्यवसायीको भनाइ छ । सडक डिभिजन कार्यालय मकवानपुरले मकवानपुर जिल्लाभित्र मात्रै २० करोडभन्दा बढी रकम भुक्तानी रोकेको बताइएको छ । भुक्तानी रोकिएसँगै व्यवसायीले भुक्तानी गर्नुपर्ने साहु, बैंकको किस्ता, मजदुरको ज्याला भुक्तानी गर्न समस्या परेको छ ।

यस्ता समस्या नयाँ भने होइनन् । समयमै काम नगर्ने, आर्थिक वर्षको अन्त्यातिर हतारमा काम गर्ने, काम गर्नुपर्ने समयावधि गुजारेर म्याद थप गराउने परिपाटी फस्टाउँदै गएको छ । सरकारले आर्थिक वर्षको अन्त्यमा भुक्तानीको चाप बढी हुने र सम्पन्न आयोजनाहरुको उचित अनुगमन, मूल्यांकन गर्न नसक्ने भएकाले सरकारले आर्थिक वर्षको अन्त्यमा हुने भुक्तानीलाई कडाइ गर्न खोजेको छ । तर, अधिकांश व्यवसायीमा भने काम गर्न र भुक्तानी लिन आर्थिक वर्षको अन्त्य कुर्ने गलत परम्परा बस्दै गएको छ । आर्थिक वर्षको अन्त्यमा काम गर्दा पर्याप्त अनुगमन, गुणस्तर परीक्षणजस्ता काम नहुने भएकाले गुणस्तरहीन काम गरेर भुक्तानी लिने परिपाटी राम्रो होइन । निर्माण व्यवसायीले इमान्दार भएर सम्झौताबमोजिमको काम समयमै सम्पन्न गर्ने र समयमै भुक्तानीका लागि पहल गर्नुपर्छ । आर्थिक वर्षको अन्तिम दिन कुरेर भुक्तानी नभएपछि धर्ना बस्नुको साटो समयमै काम सम्पन्न गरेको भए यस्ता समस्या हुँदैनथियो होला ।

भरखरै नयाँ आर्थिक वर्ष सुरु भएको छ । असार मसान्तसम्म संघीय सरकार, सातवटै प्रदेश सरकार र सबैजसो स्थानीय सरकारले बजेट पारित गरिसकेका छन् । बजेटमा उल्लेख भएअनुसारका विकास निर्माणका कामहरु समयमै सुरु गर्न ती सरकारका पदाधिकारीलाई के ले रोक्छ ? सरकारी निकायले समयमै ठेक्का लगाउँदैन । ठेक्का सम्झौता गरेका निर्माण व्यवसायीले पनि समयमै काम गर्दैनन् । यी दुबै पक्षको लापरबाही र कमजोरीले मुलुकको पूर्वाधारको लागत महंगो बन्दै गएको छ । पूर्वाधारका संरचना गुणस्तरहीन र कमजोर बनिरहेका छन् । निर्धारित समयमा कामको जिम्मेवारी प्रदान गर्ने र जिम्मेवारी लिएपछि समयमै काम सम्पन्न गर्ने परम्पराको विकास गर्नु आवश्यक छ । यसो गरेमा आयोजनाको म्याद बारम्बार थप गर्नु पनि पर्दैन र आर्थिक वर्षको अन्त्यमा भुक्तानी रोकियो भनेर धर्ना बस्नु पनि पर्दैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय सोचे अनुरुप नै रहने समय छ ।
**वृष** : लक्ष्य प्राप्तिका लागि निरन्तर लागि परिएला ।
**मिथुन** : छात्रवृत्ति र सहुलियत प्राप्त गर्न सकिने योग छ ।
**कर्कट** : धार्मिक तथा परोपकारजन्य काममा समय बिल्ला ।
**सिंह** : यात्रा र भेटघाटमा रमाइने समय योग छ ।
**कन्या** : अनाश्यक चिन्ताले मन बिचलित होला ।
**तुला** : व्यापार– व्यवसाय ठिकै रहने समय योग छ ।
**वृश्चिक** : प्रेम र मित्रताको सम्बन्ध कसिलो होला ।
**धनु** : प्रशासकहरुले नै आलोचना गर्न लागलान् ।
**मकर** : धार्मिक र परोपकारजन्य काममा समय व्यतित ।
**कुम्भ** : जागिरको लागि मन अशान्त बन्ने समय छ ।
**मीन** : साामाजिक तथा धार्मिक काममा सरिक

# सहकारीमा बढ्दो बेथिति



✍सुदर्शन अधिकारी

सहकारीमा आएको बेथिति र अनियमितता कम हुनुको साटो झन् धेरै घटना समाचारका रुपमा आइरहेका छन् । नेपालको आर्थिक विकास र रोजगारीका लागि महत्वपूर्ण भूमिका रहेकाले यसको विकास र पारदर्शिता अनि आर्थिक अनुशासनको अपेक्षा गरिनु स्वाभाविक नै हो । सहकारीले ससाना रकमलाई एकत्रित गरेर ठूलो पुँजी निर्माण गर्दै स्वरोजगारी तथा आर्थिक विकासमा टेवा दिने भएकाले सहकारीलाई ज्यादा महत्वको संस्था मानिन्छ । पछिल्लो समयमा सहकारीमा मौलाउँदै गएको विकृति र बेथितिका कारण आमनागरिकमा चिन्ता बढ्नु स्वाभाविक नै हो । नाम चलेका र ठूला सहकारीले नै अनियमितता गरी बचतकर्ताको रकम फिर्ता नदिँदा समस्यामा परेका छन् । नेपालको सहकारीको इतिहास हेर्ने हो भने वि.सं. २०१३ मा स्थापना भएको बखान ऋण सहकारी संस्था नै पहिलो सहकारी हो ।

सहकारीको विश्वव्यापी सात सिद्धान्त र मूल्य-मान्यताअनुरूप देशका किसान, कालिगढ, श्रमिक, न्यून आय समूह एवम् सीमान्तीकृत समुदाय वा सर्वसाधारण उपभोक्तामाझ छरिएर रहेको पुँजी, प्रविधि तथा सीपलाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नति गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनका रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन-नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवम् समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी ऐन तर्जुमा गरिएको ऐनको प्रस्तावनामा नै उल्लेख गरिएको छ । पछिल्लो समयमा सहकारीमा वित्तीय सुशासन अत्यन्तै कमजोर रहेको, समितिका भिन्न समितिले काम गर्न नसकेको अवस्था देखिन्छ ।

देशमा संघीय व्यवस्था आउनुअगाडि सहकारी संस्थाको दर्ता, नियमन तथा सुपरिवेक्षण सहकारी विभागअन्तर्गत डिभिजन सहकारीबाट हुँदै आइरहेकोमा देश संघीयतामा गएपछि तीन तहको नियमनकारी निकायको दायरामा राखिएको छ । हाल नेपालमा रहेका अधिकांश सहकारी संस्था सहकारी ऐन, २०४८ तथा हालको सहकारी ऐन, २०४७ अन्तर्गत दर्ता भएर सञ्चालनमा रहेका छन् । सहकारी विभागको पछिल्लो विवरणअनुसार हाल बचत तथा ऋण, बहुउद्देश्यीय, कृषि, श्रमिक, सेवालगायत देशमा २९ हजार ८ सय ८६ सहकारी संघसंस्था रहेका छन् । यीमध्ये संघीय सरकारअन्तर्गत १ सय २५ वटा सहकारी संस्था रहेका छन् । त्यसैगरी प्रदेश सरकारअन्तर्गत ६ हजार २ र स्थानीय सरकारअन्तर्गत २३ हजार ७ सय ५९ सहकारी संघसंस्था रहेका छन् ।

पछिल्लो समयमा केन्द्रीय बैंकको नीतिअनुरूप तरलताको समस्था पनि बढ्दै गएको देखिन्छ । सहकारीमा अनेकौं समस्याका कारण जनविश्वास घट्दै गएको छ भने सहकारीले थरीथरीका बहाना बनाएर बचत फिर्ता नदिने, समस्या देखाएर पन्छिने गरेको देखिन्छ । ऋण प्रवाह गर्दा ऋण फिर्ता गर्न सक्ने वा नसक्ने ख्याल नै नगरी ऋण प्रभाव गर्नु, नातागोतालाई बेपर्वाह ऋण प्रवाह गर्नु पनि सहकारी समस्यामा पर्नुको मुख्य कारण बनेको देखिन्छ । भाका नागेका ऋण असुली गर्न नसक्नु, संस्थाले धान्नै नसक्ने गरी ब्याज वितरण गर्नु, सहकारीले व्यवस्था गरेअनुरुप कर्जा सूचना केन्द्र नहुनुजस्ता कारणले सहकारी थप समस्यामा परेका छन् ।

सहकारी संस्थामा पर्याप्त आर्थिक ज्ञान नभएका व्यक्ति नै सञ्चालक बन्ने प्रवृत्तिले समस्या जटिल बनेको देखिन्छ । सहकारीमा संलग्न सदस्यहरुलाई वित्तीय शिक्षाको अभाव हुनु, समय-समयमा तालिम तथा प्रशिक्षणको प्रभावकारी व्यवस्था नहुनु अर्को समस्याको रुपमा रहेको देखिन्छ । अर्को कारण भनेको आन्तरिक प्रणाली अत्यन्तै कमजोर रहनु, आन्तरिक कार्यविधि, नीति उपसमितिको कार्य र सञ्चालन प्रक्रिया कमजोर रहनुजस्ता छन् । हालसम्म भएका नियामक निकायहरुमा रहेका कर्मचारीको संख्या कम रहनु, भएका कर्मचारीबाट पनि कम मात्रामा मात्र निरीक्षण गरिनु थप समस्याको रुपमा रहेको देखिन्छ । साथै, वार्षिक कार्ययोजना तथा सोमा प्रगति विश्लेषण गर्ने परिपाटी नहुनुले पनि सहकारीको अधोगति भएकोमा सहमत हुनैपर्छ ।

सहकारी देशको गरिबी निवारण गर्ने मुख्य माध्यमका रुपमा रहेको संस्थासमेत भएकाले यसको सुशासन जरुरी रहेको छ । हिजोआज सहकारीमा निक्षेप झिक्नेहरुको लर्को लागिरहेको छ भने सहकारीले चाहिँ बचतकर्ताको मागअनुसार निक्षेप फिर्ता गर्न सकेका छैनन् । यसै कारणले आर्थिक रुपमा बलिया र ठूला भनिएका सहकारीहरुले पनि सूचना जारी गरेर तत्काल सदस्यलाई बचत फिर्ता दिन नसक्ने बताउँदै आएका छन् । यता सहकारीमा भाका नाघेका ऋण बढ्नुका साथै बचत फिर्ताको चाप बढिरहेकाले ऋण असुलमा जोड दिने र तरलता सुधार नहुँदासम्म संस्थाले अचल सम्पत्ति खरिद नगर्ने, अनावश्यक खर्च नगरी जोखिम व्यवस्थापन र सुशासनमा जोड दिनका लागि पनि संयन्त्रले भनेको छ ।

यसैगरी नगद लाभांश वितरण नगर्ने, कारोबारलाई सकेसम्म डिजिटल प्रणालीमा लैजाने, वित्तीय मापदण्ड (पर्ल्स) लागू गर्ने र महासंघ, सहकारी बैंक, केन्द्रीय संघ, प्रदेश वा जिल्ला संघहरुले सञ्चालन गरेका स्तरीकरण कार्यक्रममा संस्थालाई सहभागी गराउने तथा उद्देश्य मिल्ने अन्य सहकारी संस्थासँग एकीकरण गर्नसमेत भनेको अवस्था छ । सहकारी विभागले घाटामा रहेका सहकारीलाई नाफा नहुन्जेलका लागि सेयर लाभांश र कर्मचारीलाई बोनस रकम वितरण नगर्न, सञ्चालकहरुको सुविधा कटौती गर्न, मितव्ययिता अपनाउन, प्रशासनिक खर्च घटाउन तथा सकेसम्म स्थिर सम्पत्तिमा लगानी नगर्न जोडदार रूपमा निर्देशन दिएको छ ।

यसैगरी ऋण असुलीका लागि प्राथमिकतामा राखेर कार्य गर्न तथा लगानीको सुनिश्चतता नभएसम्म कर्जा लगानीसमेत नगर्न भनिएको छ । सहकारीलाई व्यवस्थित र भरपर्दो संस्था बनाउन मासिक र वार्षिक विवरण नियामक निकायमा पठाउन, आवश्यक वित्तीय सूचना कोपोमिस प्रणालीमा प्रविष्ट गर्न विभागले निर्देशन दिएको छ । सञ्चालक समिति, लेखा समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापन संस्थाको नियमित कारोबार, तरलता, सम्पत्ति तथा दायित्वको नियमित जाँचबुझ गर्नुपर्ने विभागले जनाएको अवस्था छ ।

आमनागरिकलाई सहकारीमा बचत गर्दा विशेष चनाखो हुनसमेत सचेत बनाएको छ, जसका लागि अपिल जारी गरिएको छ । समुदायको र सदस्यको दिगो विकासमा जोड दिने सहकारी संस्थामा लेखिएको यस किसिमको विषम अवस्थाप्रति आमनागरिमा सतर्कता पनि आएको देखिन्छ । बजारको व्यापकता तथा कुव्यवस्थाका कारण सहकारीमा थप समस्या आएको निश्चित हो । सर्वसाधारण नागरिकको जीवनस्तर सुधार गर्दै आर्थिक विकास अनि रोजगारीसमेतमा टेवा पुग्ने सहकारीलाई सबैले जिम्मेवार भएर सही मार्गमा लैजानुपर्छ । लगभग ३० हजारको हाराहारीमा रहेका सहकारीमध्ये एक दर्जनजतिले गलत मार्गमा पाइला बढाउँदैमा निराश भएर सबै बिग्रियो भन्नु पनि उचित नहोला । तसर्थ हामी सबैले सजग भएर लगानी तथा बचतमा ध्यान दिनुपर्ने देखिन्छ ।

सहकारीले आर्थिक विकास र रोजगारीमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । गाउँका बेरोजगार युवावर्गले सहकारीबाट ऋण लिएर व्यवसाय गरी आय आर्जन गर्न सक्छन् । उदाहरणका लागि दुई-चार लाख सहकारीबाट ऋण लिएर व्यावसायिक खेती गरी आय आर्जन गर्न सक्छन् । कुखुरापालन, बेमौसमी तरकारी उत्पादन, च्याउ उत्पादन दालमोठ उद्योग, साबुन उत्पादन, बाख्रापालन, बंगुर पालन, माछापालन, ग्रिल उद्योग, वर्कसप सञ्चालन, ब्युटिपार्लर, रेडियो तथा घडी मर्मतलगायतका अनगिन्ती व्यवसाय सञ्चालन गरी आय आर्जन गर्न सकिन्छ । एउटी बेरोजगार महिलाले सहकारीबाट ऋण लिएर सिलाइ-बुनाइको काम गरी अरूलाई समेत रोजगारी दिँदै मनग्य आम्दानी गर्न सक्छिन् ।

छरिएर रहेको रकम जुटाएर उत्पादनको क्षेत्रमा लगानी गरी पर्याप्त फाइदा लिन सकिन्छ । रोजगारीको अभावमा दैनिक हजारौं युवा बिदेसिने गरेको सन्दर्भमा गाउँमै बसेर स्वरोजगारी सिर्जना गरी फाइदा लिन सकिन्छ । चरम बेरोजगारीलाई समेत कम गर्न सकिन्छ । त्यति मात्र नभएर महिलाहरूले समेत नेतृत्वको विकास गर्न सक्ने भएकाले सहकारी हरेक दृष्टिकोणले हितकारी रहेको देखिन्छ । जुन संस्थामा महिलाको नेतृत्व हुन्छ त्यस संस्थाको प्रगति धेरै भएको दृष्टान्त पनि पर्याप्त मात्रामा पाइन्छ । सहकारीले व्यावसायिक क्षेत्रमा अब्बल काम गर्न सक्छन् । यसका लागि सरकारी वा बाँझो जमिनलाई ठूलो परिमाणमा लिएर कृषिजन्य कच्चा पदार्थको उत्पादन गर्न सकिन्छ । सामूहिक तथा संस्थागत खेतीलाई प्रोत्साहन गरी आर्थिक विकास गर्न सकिन्छ ।

पछिल्लो समय सहकारीका सवालमा व्यापक रुपमा चर्चा र चासो बढेको देखिन्छ । हाल भएका सबै सहकारीमध्ये १० प्रतिशतले गलत काम गरेका होलान्, तर बाँकी रहेका सबैलाई एउटै नजरले हेर्नु गलत हुन्छ । हाल काठमाडौं महानगर पालिकाले पनि सहकारीको कामप्रति चासो राख्दै आएको छ । सहकारीलाई नियमन र अनुगमन गरी नियमसंगत ढंगले चलाउने वातावरणको निर्माणमा सबै सरोकारवालाहरु मिलेर अगाडि बढ्नुपर्छ । नेपालको आर्थिक विकासमा ठूलो योगदान दिने सहकारीको सकारात्मक पक्षलाई आत्मसात् गरी अगाडि जानुको विकल्प पनि देखिँदैन । तसर्थ, यसतर्फ सबैले गम्भीर भएर ध्यान दिनु जरुरी भएको छ । *(स्रोत: कारोबारदैनिक)*

# कान कराउने समस्याको कारण र उपचार



डा. योगेश न्यौपाने

कहिलेकाहीं कान बज्ने वा कराउने समस्या धेरैले भोगेकै कुरा हो । कान दुई किसिमले कराउने गर्छ, एउटा आफैंले मात्र सुन्ने र अर्को सँगैका अरु मान्छेले सुन्ने । प्रायजसो आफैंले सुन्ने खालको कान बज्ने समस्या धेरै देखिन्छ । यसलाई मेडिकल भाषामा टेनिटस भनिन्छ ।

कानको भित्री नाक र कानको जोडिने इस्ट्याचियन ट्युबले राम्ररी काम नगरेमा यस्तो भएको हुन सक्छ ।

### कान बज्ने कारण

कान बज्ने समस्या विभिन्न कारणले हुन सक्छ । सामान्यतया धेरैबेर ठूलो आवाजमा बसिराख्नाले हवाईजहाज चढ्ने क्रममा, रुघाखोकी, ज्वरो तथा पिनासको कारण कान बज्ने समस्या उत्पन्न हुन सक्छ । यसबाहेक कानमा फोहर जमेमा, कानको संक्रमण, कानको भित्री भागमा समस्या, कानको जाली च्यातिएमा, कान बन्द वा जाम भएर, कानमा कानेगुजी भरिएमा, कानको हड्डीको समस्या, कानको नसा सुकेमा र कानको नलीमा टयुमरका कारण कान बज्ने गर्छ ।

त्यस्तै मानसिक तनाव, धुम्रपान र मद्यपानको सेवनले पनि कान बज्ने समस्या हुन सक्छ । कन्डक्टटिभ हेयर लस भएमा जस्तै बाहिर कानको लोतीदेखि कानको भित्री भागसम्म हुने समस्या भएमा कान बज्न सक्छ ।

मधुमेह, रक्तअल्पता (एनिमिया) हुनु, मुटुको रोग, उच्च रक्तचाप, रगतमा थाइराइडको स्तर कम हुनाले पनि कान कराउन सक्छ । त्यस्तै वृद्धावस्थामा कानको अनेक भागमा समस्या हुनुका कारण पनि कान कराउन सक्छ । ५५ देखि ६५ वर्षको उमेर समूहलाई यो समस्याले पिरोल्ने गर्छ ।

### कस्तो अवस्थामा जँचाउने ?

यसमा अन्य रोगमा जस्तो यति दिन उति दिन भन्ने हुँदैन । कान कराउने समस्याले बिरामीको दैनिक जीवनमा असर पारेको छैन भने त्यो आफैं स्वतः निको हुन सक्छ तर यदि यसले दैनिक जीवनमा प्रभाव पारेको खण्डमा चिकित्सकलाई देखाइहाल्नुपर्छ । यसले काममा ध्यान नजाने, चिड्चिडापन हुने, सुत्न नसक्ने समस्या हुन सक्छ ।

त्यति मात्र नभई कान बज्ने समस्यासँगै कान दुख्ने, कानबाट तरल पदार्थ निस्किएमा, कान सुन्निन कम भए वा चक्कर लाग्ने भएमा तुरुन्तै चिकित्सकलाई देखाइहाल्नुपर्छ । किनकि यो अन्य कुनै गम्भीर रोगको संकेत पनि हुन सक्छ ।

### लक्षण

कान कराउने बेला कानभित्र 'टीं' आवाज सुनिन्छ । त्यस्तै व्यक्तिपिच्छे कानमा बज्ने आवाज फरक-फरक हुन सक्छ । जस्तै कानमा सिटी बजेको जस्तो, खोलाको सुसाएजस्तै पानीको आवाज आउने, कीरा कराएको जस्तो हुने, रेडियो बिग्रेको जस्तो आवाज सुन्नि हुन सक्छ । यस्ता आवाज हल्का, भारी वा निरन्तरको आइरहेको हुने गर्छ ।

### उपचार

अहिलेसम्म यसलाई निको पार्ने यही औषधि र उपचार प्रक्रिया भनेर तोकिएको छैन । तर यसलाई विधिबाट उपचार गर्ने गरिन्छ । जस्तै सुन्ने शक्ति कमजोर भएमा हेयरिङ एयर बड, शल्यक्रिया, कान च्यातिएमा शल्यक्रिया, इयरफान, भिटामिन र सप्लिमेन्टको कारण भएमा त्यो औषधि दिने, व्यवहार मानसिक समस्या भएमा एन्जाइटी मनोचिकित्सकको परामर्श दिने, सुत्न नसक्ने भएमा टिनिटस मास्कर जसले कान कराउने आवाजलाई कम गर्न मद्दत गर्छ । यस्तो समस्यामा टिनिटस थेरापी गराउने गरिन्छ ।

### रोकथाम

कानेगुजी निकाल्ने, कान नकोट्याउने, तेल नराख्ने, धुम्रपान नगर्ने, कानको समस्या निरन्तर वा लामो समय भएमा चिकित्सकलाई जाँच गराउनुपर्छ ।

(नाक कान घाँटीरोग विशेषज्ञ डा. न्यौपाने काठमाडौं महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा कार्यरत छन् । उनीसँग अनलाइनखबरकर्मी रेणु त्वानाबासुले गरेको कुराकानीमा आधारित)

# एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको विभिन्न जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको छ। प्रदेशको काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र रामेछाप जिल्लामा विभिन्न घटनामा एकै दिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका–५, बुडोलडाँडामा सुतेको ठाउँमा बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा खानीखोला गाउँपालिका–१ घर भई हाल बुडोलडाँडामा डेरा गरी बस्ने लोकेन्द्र तामाङको २८ महिनाको छोरा फुर्साङ तामाङ रहेको प्रहरीले जानकारी दिएको छ।

सोमबार राति ८ बजेको समयमा तामाङलाई खाना खुवाई सुताएकोमा राति १२ बजेको समयमा हेर्दा बालक बेहोस् अवस्थामा फेला परेको थियो। बालकलाई उपचारका लागि शिर मेमोरियल अस्पताल बनेपामा लगिएकोमा डाक्टरले बाटोमा नै मृत्यु भएको घोषणा गरेको प्रहरीले जनाएको छ।

सिन्धुपाल्चोक जिल्लाको साँगाचोकगढी नगरपालिका–८, पोखरेमा बाटोबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३२ वर्षीय राजु रम्तेल रहेको प्रहरीले जानकारी दिएको छ।

सोमबार बिहान ९ बजेको समयमा रम्तेल घरबाट १ सय ५० मिटर पूर्वमा रहेको गोरेटोबाटोमा हिंड्ने क्रममा बाटोबाट ५ मिटर तल खस्दा घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

यस्तै, रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका–६, सिमलगोलाईमा एकजना वृद्ध महिला मृत फेला परेकी छन्। मृत फेला पर्नेमा ७१ वर्षीया कृष्णमाया खड्का रहेको प्रहरीले जनाएको छ।

वृद्धा शनिबार बिहान ८ बजेको समयमा आफ्नै घरमा मृत अवस्थामा फेला परेकी हुन्। वृद्धाको शरीरमा चोटपटक नभएको र विषादीको बट्टाहरु केही फेला नपरेको प्रहरीले जनाएको छ।

समृद्ध समाज
राष्ट्रिय
दैनिक
www.samriddhasamaj.com.np

भर्ना खुल्यो! भर्ना खुल्यो !
3 YEARS
H.A., LAB TECHNICIAN, PHYSIOTHERAPY, RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८०/०८१ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो। मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ।

MTI का विशेषताहरू
- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरूद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरूलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा

स्वीकृत सिट संख्या
Health Assistant – 40 सिट
Lab Technician – 30 सिट
Radiography – 30 सिट
Physiotherapy – 40 सिट

फारम शुल्क रु १५००/-

- फारम वितरण मिति: २०८०/०३/२९ गते शुक्रवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८०।०४।१२ गते शुक्रवार बेलुका ४:३० सम्म
- प्रवेश परिक्षा सञ्चालन हुने मिति : २०८०।०४।२४गते विहान ८:०० बजे

मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-४ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२



श्री जनजागृति माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)
हेटौंडा- १५, रातोमाटेमा
शैक्षिक-सत्र २०८०/०८१ मा भर्ना खुल्यो
औद्योगीक नगरी हेटौंडामा एक मात्र
अटोमोबाईल ईन्जिनियरिङ्ग
(CTEVT बाट अनुमति प्राप्त १८ महिने प्रि-डिप्लोमा कोर्ष)

विशेषताहरू :-
- दक्ष एवं अनुभवी प्राध्यापक तथा प्रशिक्षकहरू।
- शान्त र सिकाइमैत्री वातावरणमा शिक्षण प्रशिक्षण गरिने।
- SEE र SLC मा सम्मिलीत भएका जोसुकैले अध्ययन गर्न पाइने।
- पर्याप्त पुस्तकालयको व्यवस्था।
- मल्टिमीडिया तथा इन्टरनेटको माध्यमबाट अध्ययन अध्यापन गराइने।
- पर्याप्त विषयगत प्रयोगात्मक प्रयोगशालाको व्यवस्था।
- गरिब तथा जेहेन्दार विधार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था।
- अतिरिक्त क्रियाकलापको व्यवस्था।
- विषयगत औद्योगिक भ्रमणको व्यवस्था।
- दीक्षित प्रशिक्षार्थीहरूको रोजगारीका लागि नेपालका प्रतिष्ठित अटोमोबाईल कम्पनी तथा औद्योगिक प्रतिष्ठानहरूसाग सम्पर्क र समन्वय गरिने।
- लोक सेवा परीक्षाको लागि मान्य हुने, Automobile Engineering को उच्च शिक्षाको लागि मान्य हुने र वैदेशिक रोजगारीको लागि समेत मान्य हुने।

भर्ना फारम बितरण भइरहेकोले इच्छुक विद्यार्थीहरुले विद्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।



सम्पर्क :
९८४५०३०८७६ (प्राचार्य),
९८४१२०८९१९ (वि.व्य.स.अध्यक्ष),
९८६५२१००१६ (तालिम सयोजक),
९८४५२९७६२६ (कार्यक्रम सयोजक),
९८४६६९५७३१ (प्रशिक्षक),
९८४५४६३११० (सुचना अधिकारी),
०५७-४१२६१९ (विद्यालय)

## भीमफेदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

## आ.व. २०८०/८१ को लागि पूर्वाधार उपयोग सेवा शुल्क संकलन कार्यको सिलबन्दी दरभाउपत्र आव्हानको सुचना

*प्रथम पटक प्रकाशित मितिः- २०८०/०४/०३ गते*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ को गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकारक्षेत्र अन्तर्गतको दफा ६२ बमोजिम यस भीमफेदी गाउँपालिकाले निर्माण, सञ्चालन र व्यवस्थापन गरेको देहायको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरेबापत भीमफेदी गाउँपालिकाको आर्थिक ऐन, २०८० ले तोकेको दररेटमा सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीबाट सेवा शुल्क सङ्कलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले दर्ता प्रमाणपत्र, ईजाजतपत्र नवीकरण प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७८/७९ को करचुक्ता र नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपिहरुको नोटरी प्रमाणित संलग्न गरी देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपशिल-**

दरभाउपत्र फारम दस्तुरः-रु. १,०००/-(फिर्ता नहुने गरी)

| आय ठेक्का/सुचना नं. | ठेक्काको नाम | पूर्वाधार सेवा शुल्क संकलन गर्ने क्षेत्र | न्युनतम ठेक्का अंक रु. (कर बाहेक) | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने अन्तिम मिति र समय |
| --- | --- | --- | --- | --- | --- | --- |
| BRMMK/IR –01/2080/81 | ईपा/कोगटे पौडी पोखरीको पूर्वाधार उपयोग सेवा शुल्क संकलन गर्ने कार्य | भीमफेदी-७ कोगटेखोला स्थित पौडी पोखरी (१३x१२ फिट क्षेत्रफलको २ वटा कोठा समेत) | ४,००,०००/- (चार लाख) | २०८०/४/१७ कार्यालय समयसम्म | २०८०/४/१८ दिनको १२:०० बजेसम्म | २०८०/४/१८ दिनको १:०० बजे |
| BRMMK/IR –02/2080/81 | चिसापानीगढीको पूर्वाधार उपयोग सेवा शुल्क संकलन गर्ने कार्य | भीमफेदी-६ स्थित चिसापानीगढी | १,००,०००/- (एक लाख) | २०८०/४/१७ कार्यालय समयसम्म | २०८०/४/१८ दिनको १२:०० बजेसम्म | २०८०/४/१८ दिनको १:०० बजे |

**शर्तहरूः-**

१. उल्लेखित ठेक्काको सम्झौताको अवधि सम्झौता मितिदेखि आ.व.२०८०/८१ को आषाढ मसान्तसम्मको लागि हुनेछ।
२. उल्लेखित आय ठेक्काको दरभाउपत्र फारम माथि सूचनामा उल्लेखित मिति भित्र तोकिएको दस्तुर तिरी कार्यालयबाट खरिद गर्न सकिनेछ।
३. दरभाउपत्रदाताले खामको बाहिरपट्टि दरभाउपत्र दाताको नाम, ठेक्का नाम, ठेक्काको नं., पेश गर्ने कार्यालयको नाम प्रष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ।
४. उल्लेखित कामको दरभाउपत्र फर्मको नाममा खरिद गर्ने भए फर्म ईजाजत पत्रको नवीकरण प्रमाणपत्र, स्थायी लेखा तथा मु.अ.कर दर्ताको प्रमाणपत्र, आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरुको नोटरी प्रमाणित संलग्न गर्नु पर्नेछ।
५. खरिद गरिएको दरभाउपत्रहरु दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेसम्म शिलबन्दी दरभाउपत्र दर्ता गर्न सकिनेछ। रितपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु दर्ता हुने अन्तिम दिनको दिनको १:०० बजे कार्यालयको प्रतिनिधि र दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि उल्लेखित आय ठेक्काको सिलबन्दी दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन। सिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत (गैर नेपाली नागरिकको हकमा कबोल गरेको अंकको १० प्रतिशत) रकम धरौटी वापत भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको एन.आई.सी.एशिया बैक लि. भीमफेदी शाखामा रहेको धरौटी खाता नं. G7CA503072524001 मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन म्याद भएको दरभाउपत्र जमानत (Bid Bond) पेश गर्नुपर्नेछ।
६. कबोल रकम अंक र अक्षरमा प्रष्ट लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। अंक र अक्षरलाई पुनर्लेखन गर्नुपर्ने भएमा काटेको स्थानमा दरभाउपत्रदाताको अनिवार्य हस्ताक्षर हुनु पर्नेछ। फर्म वा कम्पनी भए छाप समेत हुनु पर्नेछ।
७. दरभाउपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक विदा परेमा सो दिनको भोलिपल्टलाई खरिद वा दाखिलाको अन्तिम दिन मानिनेछ।
८. ठेक्का कबोल अंकको रकम ठेकेदारले ३ किस्तामा बुझाउनुपर्नेछ। पहिलो किस्ता सम्झौता गर्दा बखत कुल कबोल अंकको २५ प्रतिशत, दोश्रो किस्ता ४० प्रतिशत र तेश्रो किस्ता ३५ प्रतिशत सम्झौतामा उल्लेख भएको अवधिमा बुझाईसक्नु पर्नेछ। किस्ताबन्दीमा रकम बुझाउने सम्झौता गरेमा पहिलो किस्ता नगदै वा भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको एन.आई.सी.एशिया बैक लि. भीमफेदी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. 167CA57503077001 मा जम्मा गरेको सक्कलै भौचर र बाँकी किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०८१ भाद्र मसान्तसम्म म्याद कायम रहेको कार्यसम्पादन जमानत (Performance Bond) पेश गर्नुपर्नेछ।
९. जुन व्यक्ति/फर्मको नाममा सिलबन्दी दरभाउपत्र खरिद भएको हो सोही फर्मको नामबाट मात्र दाखिला/दर्ता हुनुपर्नेछ। एक फर्मको नाममा खरिद भएको सिलबन्दी दरभाउपत्र अर्को फर्मको नाममा दर्ता गर्न पाइने छैन। यस्तो देखिएमा स्वतः रद्द हुनेछ।
१०. ठेक्का अवधिभर ठेक्का सञ्चालन स्थलको सरसफाई तथा सामान्य मर्मत सम्भार गर्ने जिम्मा ठेकेदारको हुनेछ। ठेक्का अवधिमा ठेक्का सञ्चालन स्थलमा कुनै हानी नोक्सानी/क्षति हुन गएमा सो को मर्मत ठेकेदार स्वयंले गर्नुपर्नेछ।
११. ठेक्का कबोल गर्ने ठेकेदारले गाउँपालिकाले तोकेको पूर्वाधार सेवा शुल्क संकलन गर्न प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयमा अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित बाहेकका रसिदहरु प्रयोग गरी शुल्क उठाएको उजुरी वा जानकारी पुष्टि भएमा नियमानुसार कारबाही र उठाएको रकम बराबरको थप जरिवाना गरिनेछ।
१२. म्याद भन्दा ढिलो गरी प्राप्त हुन आएको, रीत नपुगेको, कुनै शर्त राखी पेश भएको, सुचनाको शर्त विपरित भएको दरभाउपत्रमाथि कुनै कारबाही हुने छैन।
१३. दर्ता भएको सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने, रद्द गर्ने, आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१४. यस सुचनामा उल्लेखित बुँदाहरुको हकमा यसै बमोजिम र नखुलेको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४, भीमफेदी गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि, २०७५, कार्यालयको निर्णय, सम्झौता तथा प्रचलित कानुन बमोजिम हुनेछ। साथै अन्य जानकारीका लागि भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर
बागमती प्रदेश

### सार्वजनिक सूचना

यस उपमहानगरपालिका क्षेध भित्र संचालनमा रहेको क्रसर तथा बालुवा प्रशोधन उद्योगहरुको आ.व. २०७९०/०८० को कारोबार बिवरण सहित अन्तिम मौज्दात प्रमाणित गरी नयाँ आर्थिक वर्ष २०८०/०८१ को कारोबार सुचारु गर्नु पर्ने कानुनी प्रावधान रहेकोले मिति २०८० श्रावण १ गतेदेखि अर्को सूचना नभएसम्मको लागि उद्योगबाट नदीजन्य पदार्थको बिक्री बितरण कार्य नगर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि निर्देशनअनुसार यो सार्वजनिक सूचना जारी गरिएको छ।

**राजश्व प्रशासन शाखा**
**हेटौंडा उपमहानगरपालिका**

सामुदायिक
रेडियो, रेडियो
निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।



सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

स्वादिष्ट नेवारी खाजा



अब
होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं।
- नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं।
०५७-५२६०१३

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# राप्ती खोलामा डुबेर एक पुरुषको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडाको राप्ती खोलामा डुबेर एक पुरुषको मृत्यु भएको छ । मंगलबार दिउँसो १ बजेर ४० मिनेटको समयमा पूर्वपश्चिम राजमार्गको राप्ती पुलबाट १० मिटर तल एक पुरुषको खोलामा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

मंगलबार राप्ती खोलामा स्थानीय ४ जना केटाहरु पौडी खेल्ने क्रममा अन्दाजी २५ वर्षको पुरुष पानीमा डुबिरहेको देखेर जिल्ला प्रहरी कार्यालय मकवानपुरमा खबर गरेपछि प्रहरी नायव निरीक्षक लालबहादुर सुनारको कमाण्डमा ५ जनाको टोली खटिएको थियो । उक्त पुरुषलाई उद्दार गरेर उपचारका लागि हेटौंडा अस्पतालमा ल्याएकोमा १ बजेर ५० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेका हुन् ।

पौडी खेलिरहका ४ जनालाई सोधपुछका लागि जिल्ला प्रहरी कार्यालयमा ल्याएर थप अनुसन्धान गरिरहेको प्रवक्ता कार्कीले बताउनुभयो ।

# घलान मृत फेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३, बुद्धचोकको ४३ वर्षीया कृष्णमाया घलान मृत अवस्थामा फेला परेकी छन् । मंगलबार बिहान ११ बजेर ४० मिनेटको समयमा हेटौंडा-१३, गोठदमार सल्लाघारीस्थित जंगलमा सडेगलेको अवस्थामा घलान मृत फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

एक शव सडेगलेको अवस्थामा छ भन्ने खबर प्रहरी चौकी पदमपोखरीमा प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थलमा खटेर शवलाई सुरक्षित राखेको थियो । घलान असार २५ गते दिउँसो १ बजेबाट हराएको भनेर २६ वर्षीय छोरा समन घलानले जिल्ला प्रहरी कार्यालय मकवानपुरमा निवेदन दिएका थिए ।

समनले मृतकको हातमा भएको बाला र कपडाबाट पहिचान गरेको र पोष्टमार्टमका लागि शव हेटौंडा अस्पताल ल्याएर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# हेटौंडा अस्पतालमा २ वटा डाईलासिस मेसिन थप

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा २ वटा डाईलासिस मेसिन थप भएको छ । हेटौंडा-११ स्थित चुरेहिल हस्पिटलमा रहेको डायलासिस मेसिन हेटौंडा अस्पतालमा जडान गरिएको हो । आरोग्य फाउण्डेसनले चुरेहिल हस्पिटललाई दिएको डाईलासिस मेसिन हेटौंडा अस्पताललाई हस्तान्तरण गरेको हो ।

सोमबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको उपस्थितिमा डाईलासिस मेसिन हेटौंडा अस्पताललाई हस्तान्तरण गरिएको हो । हेटौंडा अस्पतालमा अब १३ वटा डाईलासिस मेसिन भएको छ । हेटौंडा अस्पतालमा अहिले दैनिक ४५ जना मिर्गौला पीडितले डाईलासिसका लागि प्रतिक्षा गरेर बस्नुपर्ने अवस्था रहेको हेटौंडा अस्पतालका सञ्चालक समिति अध्यक्ष राजेश प्रसाईंले जानकारी गराउनुभयो । आगामी दिनमा प्रतिदिन एक सय जना मिर्गौला पीडितलाई उपचार सेवा प्रदान गर्नुपर्ने अवस्था आउने बताउनुहुँदै उपमहानगरपालिकाले मिर्गौला पीडित हुने विषयमा अनुसन्धान गर्न आवश्यक रहेको प्रसाईंले बताउनुभयो । खानपान र धैरै औषधिजन्य पदार्थ सेवनबाट मिर्गौलामा समस्या आउने बताइएको छ । कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्य प्रसाद सेढाईको पनि उपस्थिति रहेको थियो ।

# गम्भीर ध्यानाकर्षण

मिति २०८० साल असार ३१ गते राती हेटौंडा-१०, टिसिएन क्षेत्रमा सञ्चालित एक होटलमा देहव्यापार भइरहेको स्थानीयको गुनासोपछि प्रहरीले छापा मारेर होटल सञ्चालक र ८ युवतीलाई नियन्त्रणमा लिएको समाचारप्रति होटल एसोसिएसन मकवानपुरको गम्भीर ध्यानाकर्षण भएको छ । होटल व्यवसाय अतिथि सत्कारको सम्मानित र सभ्य क्षेत्र हो । यो क्षेत्रमा कोही, कसैले छिट्टै उच्च आर्थिक लाभको लोभमा देहव्यापार जस्तो घृणित र जघन्य अपराधको ककार्य गर्नु जायज हुन्न । कानुनीरुपमा समेत दण्डनीय अपराध हो देहव्यापार । यसर्थ यस किसिमको कार्य कुनै पनि व्यवसायीले नगर्न, नगराउन सचेत गराउँदछौं ।

प्रहरीले छापा मारेको होटल यस संघमा आवद्ध नभएको स्पष्ट पार्न चाहान्छौं । संघले आफ्ना सदस्य व्यवसायीलाई व्यावसायिक धर्म, विद्यमान कानुनको परिधिमा रहेर पाहुनालाई उच्चमत् सन्तुष्टि प्रदान गरी मुलुकको आर्थिक विकासमा उल्लेखनीय योगदानमा अग्रसर हुन निरन्तर आग्रह गर्दै आएका छौं । कुनै किसिमको अनैतिक, गैरकानुनी कार्य नगर्न, नगराउन सचेत पनि गराउँदै आएका छौं । यदि कुनै किसिमको गैरकानुनी तथा अनैतिक कार्य गरे कानुनबमोजिमको सजायका लागि राज्यका निकायको ध्यानाकर्षण समेत गराउँदछौं ।

असार ३१ गतेको घटनाले मकवानपुरको होटल व्यवसायको मात्रै नभई सिंगो जिल्लाकै बद्नाम भएको हामीले महसुस गरेका छौं । यसर्थ आम जिल्लावासीको इज्जत र प्रतिष्ठामा आँच आउने गरी कुनै पनि क्षेत्रले गलत कार्य नगर्न, नगराउन सचेत रहनु जरुरी छ । पुनः यस संघमा आवद्ध होटल व्यवसायीहरुलाई कानुनसम्मत रही जिम्मेवार भई अतिथि देवो भवः अर्थात् अतिथि भगवान हुन् भन्ने आदर्श वाक्यलाई मनन् गरी उच्चतम् सेवा, अनुशासित ढंगबाट प्रदान गर्न आग्रह समेत गर्दछौं । समाजमा हुने अनैतिक एवम् गैरकानुनी क्रियाकलापप्रति प्रहरी, प्रशासनबाट भएका सकारात्मक कार्यको प्रशंसा गर्दै आभार व्यक्त गर्दछौं ।

**दिलिश गोविन्द जोशी**
**अध्यक्ष, होटल एसोसिएसन मकवानपुर**


# भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

सर्वोत्कृष्ट नतिजा सहित विभिन्न बोर्डहरुको परीक्षामा नेपाल प्रथम हुन सफल यस मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो ।



**कक्षा ११ मा अध्यापन हुने विषयहरु:**

- Science
- Management
- Education
- Humanities



**हाम्रा विशेषताहरु:**


दक्ष विषय विज्ञहरुद्वारा अध्यापन गराइने ।
सुविधा सम्पन्न कक्षा कोठाहरुमा **Multimedia** तथा **Projector** को माध्यमबाट पठनपाठन गराइने ।
सम्पूर्ण पूर्वाधारहरुले सम्पन्न ।
वार्षिक परीक्षाहरुमा देशमै उत्कृष्ट नतिजा हासिल गर्न सफल ।
आधुनिक विषयगत ल्यावहरु, शैक्षिक सामग्री ल्यावहरुको व्यवस्था भएको ।

**Admission Open in Class-XI**

सम्पर्क:
**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
फोन नं.: ०५७-५२०६२०
https://mmchetauda.edu.np/



# हार्दिक बधाई तथा शुभकामना



हरेक वर्ष सर्वोत्कृष्ट नतिजा हासिल गर्दै आइरहेको यस ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माविबाट एसईई-२०७९ मा सहभागी भई उत्कृष्ट नतिजासहित उत्तीर्ण हुन सफल सम्पूर्ण विद्यार्थीहरूमा हार्दिक बधाईका साथ उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं । यसका साथै उत्कृष्ट नतिजा हासिल गर्न योगदान गर्नुहुने सम्पूर्ण शिक्षक-कर्मचारी, उपयुक्त वातावरण तयार पार्नुहुने अभिभावकज्यूहरूका साथै शिक्षक-अभिभावक संघ, निवर्तमान सञ्चालक समिति तथा विद्यालय व्यवस्थापन समितिका साथै सम्पूर्ण शुभेच्छुक/शुभचिन्तकप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

| नतिजाको सारांश : | |
|---|---|
| १. जिपिए ३.६ देखि माथि | = २७ जना |
| २. जिपिए ३.२ देखि ३.६ सम्म | = ५४ जना |
| ३. जिपिए २.८ देखि ३.२ सम्म | = ३८ जना |
| ४. जिपिए २.६ देखि २.८ सम्म | = ९ जना |
| जम्मा विद्यार्थी | =१२८ जना |

**ऋषिराम उपाध्याय पोखरेल, अध्यक्ष**
**ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.**

**ईश्वरप्रसाद लामिछाने**
**प्रिन्सीपल**

**एवम् जीएस निकेतन मावि परिवार**
**हेटौंडा-५, मकवानपुर**



# भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

तपाई र तपाईको बालबालिकाको सपना पूरा हुने एक मात्र ठाउँ हाम्रो हेटौंडामा दक्ष, अनुभवी एवम् ख्याति प्राप्त Selected शिक्षकहरुको समूहद्वारा सञ्चालित शहरको गौरव Bhutandevi Secondary School (Technical School) मा शैक्षिक सत्र ०८०/०८१ का लागि विशेष Scholarship मा Science, Management (English/Nepali Medium), 3 years Diploma in Civil Engineering र Civil Engineering (9-12) मा धमाधम भर्ना र कक्षा संचालन भइरहेको छ । तसर्थ समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस् ।

**हाम्रा विशेषताहरू**

१. शैक्षिक सत्र ०७८/०७९ मा Civil Engineering धार तर्फ कक्षा-१२ मा नेपाल प्रथम हुन सफल ।
२. दक्ष तथा अनुभवी शिक्षकद्वारा अध्यापन गराईने ।
३. अत्याधुनिक Computer/Science र Civil Engineering Lab को व्यवस्था भएको ।
४. Multimedia को प्रयोग गरी कक्षा संचालन गरिने ।
५. उपयुक्त भौतिक पूर्वाधार सहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेलमैदान भएको ।
६. विद्यार्थीहरुको नियमित मूल्याङ्कन, Motivational & Counseling को व्यवस्था ।
७. "सबैको लागि शिक्षा, निशुल्क शिक्षा" को मर्म अनुसार विशेष Scholarship को व्यवस्था गरिएको ।
८. समय समयमा विषयगत रुपमा क्षेत्रगत भ्रमण एवम् शैक्षिक अध्ययन अवलोकन भ्रमण समेत गर्ने गरेको ।

| | |
|---|---|
| GPA-3.6 to 4 | Full Scholarship. |
| GPA-3.2 to 3.6 | Admission free plus 50% discount in monthly fee. |
| GPA-2.4 to 3.2 | 50% discount in monthly fee. |
| GPA-1.6 to 2.4 | 25% discount in monthly fee. |

**भुटनदेवी मावि (प्राविधिक शिक्षालय)**

सम्पर्कका लागि: ०५७-५२०४२०, ९८६२१४५७५६, ९८४५६१८१७१, ९८४१८८२४१३, ९८५५०४१०६१, ९८४५२८६८३०, ९८५५०७१६०७



# शैक्षिक सत्र २०८० को लागि कक्षा-११ मा नयाँ भर्ना खुल्यो

**श्री बालबोध माध्यमिक विद्यालय**
हेटौंडा-१७, हटिया, मकवानपुर



**हाम्रो विशेषताहरु**

- दक्ष तथा अनुभवी शिक्षकद्वारा अध्यापन गराइने ।
- हरेक कक्षामा अत्याधुनिक सुविधा सहित ल्यापटप तथा प्रोजेक्टरको माध्यमबाट पढाइ हुने ।
- अत्याधुनिक पुस्तकालयको व्यवस्था भएको
- अतिरिक्त सिकाइको लागि Math Lab, Science Lab, Computer Lab, E-Library को व्यवस्था भएको ।
- सुविधा सम्पन्न भवन, यातायातको व्यवस्था, स्वच्छ पिउने पानीको व्यवस्था भएको
- विगत १० वर्षदेखि जिल्लामै लगातार उत्कृष्ट नतिजा ल्याई पुरस्कृत भई जिल्लामै छुट्टै पहिचान बनाउन सफल ।

नयाँ विद्यार्थी भर्ना/रजिस्ट्रेशन :
२०८० असार २५ गते देखि

**SUBJECTS OFFERED**

- Account
- Business Studies
- Economics
- Child Development & Learning
- Education & Development
- Major Nepali/English



कक्षा संचालन
२०८० श्रावण २ गते देखि

9855011570
9802511570

Email : balbodhschool2008@gmail.com


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ